# पटेर्वा सुगौली गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पटेर्वा सुगौली, पर्सा

मधेश प्रदेश, नेपाल

पत्र संख्या :- ०८०/०८१

चलानी नं. :-

मितिः- २०८०।०४।२०

## प्रेस विज्ञप्ति

यस पटेर्वा सुगौली गाउँपालिकाको वडा नं. ३, पश्चिमारी देकुली वस्ने श्री रामजन्म ओझैयाले यस गाउँपालिकाको कार्यालय संग केही माग राखी अन्सन बसेको भन्ने कुरा सामाजिक सञ्जालवाट बुझिन आएकोमा यस गाउँपालिका कार्यालयको ध्यानाकर्षण भएको छ। निज के कति कारणले अन्सन बसेको हो? निजको के-के माग रहेको छ? सो सम्बन्धमा बुझ्न र पुरा गर्न सकिने जायज मागहरु पुरा गर्न श्री जिल्ला समन्वय समिति, पर्साका प्रमुख श्री निरञ्जन साह सोनार ज्यु तथा श्री जिल्ला प्रहरी कार्यालय, पर्साका प्रतिनिधी प्रहरी निरीक्षक श्री प्रकाश बस्नेत ज्यूको उपस्थितिमा वार्ताको लागि यस गाउँपालिकाको प्रतिनिधि प्रमुख प्रशासकीय अधिकृत श्री सन्देश कुमार यादव र २ नं. वडा अध्यक्ष श्री विजय गैरे ज्यू वार्ताको लागि श्री जिल्ला समन्वय समिति, पर्सामा पुगी समन्वय तथा प्रस्ताव राखेकोमा निज ओझैयाले वार्तामा वस्न मानेको थिएन। त्यस पछि पनि यस गाउँपालिकाको कार्यालयले निज ओझैया संग जुनसुकै बेला वार्ता गर्न तयार रहेको र सोको लागि पटक पटक आग्रह गर्दा समेत निजले सो लाई वेवास्ता गर्दै आएको व्यहोरा यहाँ उपस्थित सम्पुर्ण संचारकर्मी ज्यूहरुमा अवगत गराउन चाहन्छौ। अन्सनरत श्री रामजन्म ओझैयालाई यसै पत्राकार सम्मेलन मार्फत आफ्नो अनसन तोडी वार्तामा आउन आग्रह गर्दछौं। पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय कुनै पनि व्यक्ति वा संस्थाले प्रचलित कानून बमोजिम कुनै पनि सूचना माग गर्दा कानूनले तोके बमोजिमको समयमा नै उपलब्ध गराएको र यस पछि पनि माग हुने सूचना उपलब्ध गराउने व्यहोरा समेत यहाँहरुलाई जानकारी गराउन चाहन्छौ।

(ममता महतो)

उपाध्यक्ष